# पाथीभरा याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

प. स. ०८२/०८३
च. न. ५१

<u>निशुल्क जग्गा प्राप्ति गर्ने सम्बन्धि सार्वजनिक सूचना ।</u>

प्रकाशित मितिः २०८२/१२/३०

प्रस्तुत विषयमा यस गाउँपालिकालाई **४ नं. वडा कार्यालय भवन निर्माण गर्ने प्रयोजनार्थ, सुनुवार गाउँ पुर्णेडाँडा खानेपानी योजना सञ्चालन गर्न र सोको दिगोपना कायम गर्ने प्रयोजनार्थ तथा गाउँपालिकाको सौन्दर्यकरणको लागि बगैचा तथा अन्य संरचना निर्माण गर्ने प्रयोजनार्थ** निशुल्क जग्गा प्राप्ति गर्न आवश्यक भएको हुँदा तपसिल बमोजिमको जग्गा यस गाउँपालिकालाई निशुल्क दान गर्न इच्छुक जग्गादाताहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र त्यसरी दान गरिने जग्गाको **जग्गाधनी प्रमाणपत्र, जग्गाधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, जग्गाको नक्सा तथा निशुल्क जग्गा दान गर्ने मञ्जुरीनामा समेत संलग्न गरी निशुल्क जग्गा दान सम्बन्धि निवेदन** पेश गर्नुहुन त्यस्तो जग्गाधनी तथा अन्य सरोकारवालाहरुको जानकारीको लागि यस गाउँकार्यपालिकाको मिति २०८२।१२।३० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. **४ नं. वडा कार्यालय निर्माण प्रयोजनार्थः** जग्गाको न्यूनत्तम क्षेत्रफल २ रोपनी हुनुपर्नेछ र जग्गा ख्वाङ जाने सडकदेखि पस्चिम तर्फ, श्री सिद्धेश्वरी मा. वि.को उत्तर तर्फ सिद्धेश्वरी मा. वि. को खेलमैदानको दक्षिण तर्फ र प्रेम सेनेहाङको जग्गादेखि पुर्व तर्फ हुनुपर्नेछ ।
२. **गाउँपालिकाको सौन्दर्यकरणको लागि बगैचा तथा अन्य संरचना निर्माण गर्ने प्रयोजनार्थः** जग्गाको न्यूनत्तम क्षेत्रफल २ रोपनी हुनुपर्नेछ र जग्गा हालको गाउँपालिका भवन भएको जग्गाहरुदेखि पश्चिमतर्फ प्रयोगशाला भवन देखि दक्षिणतर्फ दुर्गा बहादुर भट्टराईको घर जग्गादेखि पुर्वतर्फ र निर्माणाधीन प्रहरीचौकी भवनको उत्तरतर्फ हुनुपर्नेछ ।
३. **सुनुवार गाउँ पुर्णेडाँडा खानेपानी योजना सञ्चालन र दिगोपना कायम गर्ने प्रयोजनार्थः** जग्गाको न्यूनत्तम क्षेत्रफल १.५ रोपनी हुनुपर्नेछ र जग्गा तिरिङ्गे देखि महाकाली हुँदै चतुरे जाने मोटरबाट आसपास सुनुवार गाउँ क्षेत्रमा पानीको मुहान भएको हुनुपर्नेछ ।

इन्द्र कमल श्रेष्ठ
निमित्त प्रमुख प्रशासकीय अधिकृत